# जिल्ला समन्वय समिति महासंघ नेपाल
Association of District Coordination Committees of Nepal
(ADCCN) 2075


Ref. No.:- १४-०८१-८२

Date :- ..................
२०८१।०६।१४

## प्रेस विज्ञप्ती

गत साताको अन्तिम तीन दिन मिति २०८१।०६।१० गते विहिबार देखि १२ गते शनिबारसम्म देशमा परेको अविरल वर्षाका कारण बाढी, पहिरो र डुवानका दुखःद घटनाहरु भएका छन् । देशको अधिकांश भागका राजमार्ग, पुलहरु, यातायातका साधन, जलविद्युत आयोजना, शहर, गाउँ वस्तिहरुमा ठूलो जनधनको क्षेति भएको छ । मुख्य राजमार्गहरु यसरी बाढीपहिरो र डुवानमा पर्दा एक स्थानबाट अर्को स्थानमा आवत जावत ठप्प छ, वस्तिहरु विभक्त भएका छन् । मानवीय र भौतिक पूर्वाधारमा यसरी क्षति हुँदा विद्यार्थीहरु स्कूल जान कठिनाई, विरामीको हेरचाहमा समस्या, दशैंको बेला देशका विभिन्न भागमा रहिआएका जनमानस आ-आफ्नो घर जाने क्रममा विच बाटोमैं अलपत्र परेका, अत्यावश्यक सेवाहरु जस्तै एम्बुलेन्स, प्राथमिक उपचार तथा आकस्मिक स्वास्थ्य उपचार अवरुद्ध छन् । ढुवानीमा अवरोधले खाद्यान्न, औषधि, निर्माण सामाग्री, पाटपुर्जा लगायतका सामग्रीको उपलब्धमा ठूलो कठिनाई आईपरेको छ । विपदको यस दुखःद घडीमा तिनै तहका सरकार, सुरक्षा निकाय, निजि, गैर सरकारी क्षेत्र तथा आम नागरिक सबैले संयमता अपनाई सक्रियताका साथ राहत, उद्धार र उपचारमा समन्वयात्मक रुपमा जुट्न हार्दिक अपिल गर्दछौं ।

जिल्ला समन्वय समिति महासंध नेपाल यस विपदको घटनाप्रति दुःख ब्यक्त गर्दै विपदमा परि निधन भएका सबैमा हार्दिक श्रद्धाञ्जली एवं शोक संतप्त परिवारजनमा गहिरो समवेदना तथा सम्पूर्ण घाइतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछ ।

२०८१ असोज १४ गते सोमबार ।

..............................
अशोक कुमार घिमिरे
महासचिव

..............................
राजन मेहता
अध्यक्ष


पत्राचार ठेगाना : बबरमहल, काठमाण्डौं, नेपाल, फोन: ५४५४०८१, फ्याक्स: ००९७७-१-५४४८४६९
Mailing Address:– BabarMahal, Kathmandu, Nepal, Phone: 5454081 Fax: 00977-1-5448469, E-mail: adccn@adccn.org.np; adccn77@gmail.com